"कला संस्कृतियुक्त, स्वच्छ समुन्नत टोखा नगर"

टोखा नगरपालिका

टोखा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०८२/८३ (योजना तथा अनुगमन शाखा)
च.नं.: ४१६३

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल।

मितिः २०८३।०२।२०
ने.सं.: ११४६ अनलागा ३ बुधवार

श्री वडा कार्यालय सवै (१-११)
विषयगत शाखाहरु सवै
टोखा नगरपालिका, काठमाडौं

**बिषय — वजेट सिलिङ्ग तथा मार्ग दर्शन सम्वन्धमा ।**

यस नगरपालिकाको आ.ब. (२०८३/८४ -२०८५/८६) को मध्यमकालिन खर्च संरचना तथा आ.ब. २०८३/८४ को वार्षिक विकास कार्यक्रम तर्जुमाको लागि नगरकार्यपालिकाको मिति २०८३/२/२० को निर्णयानुसार तोकिएका आधार वमोजिम प्रत्येक वडा कार्यालयको लागि तपशिल वमोजिम वजेट सिलिङ्ग निर्धारण गरिएकोले उक्त सीमाभित्र रही वडाभित्रका विभिन्न स्थानमा वस्ती/ टोल भेला मार्फत योजना संकलन गरी वडा समितिवाट प्राथमिकताक्रम निर्धारण गरी प्रत्येक आर्थिक वर्ष(२०८३/८४, २०८४/८५,२०८५/८६) मा संचालन हुने योजना तथा कार्यक्रमहरु तपशिल वमोजिमको मार्ग दर्शनको अधिनमा रही मिति २०८३ असार १ गते भित्र पेश गर्नु हुन अनुरोध छ । विषयगत शाखाहरुको चालु आ.ब. अनुसार नै सिलिङ्ग तय गरिएको छ ।

२०८३।२।२०
(कमल भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत

तपशिल

१. आगामी ३ आर्थिक बर्षको लागि वडागत वजेट सिलिङ्ग

| वडा नं. | उपलव्ध गराउने वजेट सीमा आ.ब.२०८३/८४ (रु. हजारमा) | उपलव्ध गराउने वजेट सीमा आ.ब.२०८४/८५ (रु. हजारमा) | उपलव्ध गराउने वजेट सीमा आ.ब.२०८५/८६ (रु. हजारमा) |
|---|---|---|---|
| १ | ३२००० | ३५२०० | ३८७२० |
| २ | ३१००० | ३४१०० | ३७५१० |
| ३ | ४५००० | ४९५०० | ५४४५० |
| ४ | २५००० | २७५०० | ३०२५० |
| ५ | २५००० | २७५०० | ३०२५० |
| ६ | २५००० | २७५०० | ३०२५० |
| ७ | २५००० | २७५०० | ३०२५० |
| ८ | २६५०० | २९१५० | ३२०६५ |
| ९ | २५५०० | २८०५० | ३०८५५ |
| १० | २५००० | २७५०० | ३०२५० |
| ११ | २५००० | २७५०० | ३०२५० |


Phone No:- ०१-४९८५०१३, website:- www.tokhamun.gov.np Email:-info@tokhamun.gov.np

CamScanner

"कला संस्कृतियुक्त, स्वच्छ समुन्नत टोखा नगर"

टोखा नगरपालिका

टोखा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०८२/८३ (योजना तथा अनुगमन शाखा)
च.नं.: ४१६९

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल।
मितिः २०८३।०२।२०
ने.सं.: ११४६ अनलागा ३ बुधवार

१. उल्लेखित आधारवाट सिलिङ्ग तय गर्दा न्यूनतम २ करोड ५० लाख भन्दा कम हुने वडाहरुलाई न्यूनतम रकम २ करोड ५० लाख कायम गर्ने । प्रत्येक वडाको लागि तोकिएको बजेट सिलिङ्ग मध्ये तपशिल बमोजिम विषय क्षेत्रगत विनियोजन गर्नु पर्नेछ ।

| सि.नं. | विषय क्षेत्र | बजेट विनियोजन प्रतिशत | कै. |
|---|---|---|---|
| १ | आर्थिक विकास | ४ | |
| २ | सामाजिक विकास | ८ | |
| ३ | पूर्वाधार विकास | ८० | |
| ४ | वन वातावरण तथा विपद् व्यवस्थापन | ४ | |
| ५ | सुशासन तथा संस्थागत विकास | ४ | |

१. आ.व.२०८२/८३ को आधार वर्षको सिलिङ्गमा प्रतिवर्ष १० प्रतिशतका दरले थप गर्दै आ.व. २०८३/८४ र २०८४/८५ को बजेट सिलिङ्ग निर्धारण गर्ने ।( वजेटको अवस्था अनुसार)

२. पूर्वाधार तर्फको आयोजना छनौट गर्दा ठूला र दीर्घकालिन आयोजनाहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

३. वातावरण संरक्षण, सरसफाई एवं वृक्षारोपण कार्यक्रमहरु समावेश गर्नु पर्ने । हरेक वडामा सार्वजनिक शौचालय निर्माणको संभावित स्थल पहिचान गरी पेश गर्नु पर्नेछ ।

४. हरेक वडामा सम्भव भए सम्म कृतिम पोखरी, रिचार्ज केन्द्रहरु निर्माणको लागि स्थान पहिचान गरी छनौट गर्नु पर्ने ।

५. आयोजना तथा कार्यक्रम छनौट गर्दा नगरपालिकाको दीर्घकालिन सोच, आवधिक योजना, मध्यमकालिन खर्च संरचना लगायतका आधारहरु लिनु पर्ने ।

६. राजस्व परिचालन अभियान/ करदाता शिक्षा अभियान संचालन सम्वन्धि कार्यक्रम समावेश हुनु पर्ने ।

७. आयोजना बैकमा आयोजना तथा कार्यक्रमहरु अनिवार्य प्रविष्ट गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

८. युनिकोड कालीमाटी फन्टमा निर्धारित ढाँचामा लिपिवद्ध गरी नगरपालिकाको ईमेल hellotokha@gmail.com मा सफ्टकपी र हाड कपी वडा समितिको निर्णयको प्रतिलिपी , वस्तीभेलाका माईन्यूट, आयोजना टिपोट सहित पत्राचार गर्नु पर्नेछ ।

२०८३।०२।२०

कमल भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ
श्रीमान नगरप्रमुखज्यू
श्रीमान नगरउपप्रमुखज्यू



CamScanner